पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.nepalikhabar.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : २८ अङ्क : ८ २०६७ भदौ २५ गते शुक्रबार (Sep. 10, 2010) मूल्य रू. ५/-

## टेप छोप्न माओवादी लेप

काठमाडौं / सभासद् खरिद गरेर सरकार बनाउन माओवादी नेता कृष्णबहादुर महराले चिनियाँ अधिकारीसँग ५० करोड मागेको टेप प्रकरणलाई छोप्न माओवादीले सबै शक्ति लगाएको छ। नेपाली कांग्रेस र एमालेसहित २५ सभासद्ले मंगलबार सभामुख सुभाष नेम्वाङलाई भेटेर टेप प्रकरण छानविनको माग गरेका छन्। यो ५० करोड प्रकरणले संसदको गरिमा र सम्मानमा आँच पुगेको दावी उनीहरूले गरेको छन्। नेम्वाङलाई बुझाएको ध्यानाकर्षण प्रस्तावमा लज्जाबोध भएको उल्लेख छ। यसैबीच कनकमणी दिक्षित, भीमार्जुन आचार्य, दीपेन्द्र झा, शम्भु थापा, सुवोध प्याकुरेलले नागरिक समाजका तर्फबाट सार्वजनिक गरिएको पत्रमा ५० करोड टेप प्रकरणले लोकतन्त्रकै छवि धुमिल हुन पुगेको उल्लेख छ।

सभामुखले टेप प्रकरणको छानविनको लागि पहल गर्ने बताएका छन्। हामीलाई प्राप्त (बाँकी अन्तिम पेजमा)

# पार्टी र संविधानससभा अपराधीको अखडा

काठमाडौं / राजनीतिक पार्टी र नयाँ नेपाल बनाउने थलो संविधानसभा



अब अपराधिक अखडा बन्न पुगेको छ। नयाँ नेपाल बनाउँछु भन्नेहरूको यस्तो चर्तिकलाले देशको भाग्य र भविश्यमा कालो पोतिन पुगेको छ।

एमालेका सभासद् प्रहरी निरीक्षक बनाउन घुस लिंदा लिंदै अख्तियारले टाँचा मारेको नोट सहित रङ्गेहात पक्राउ परे। माओवादीका सभाषदले् ज्यानमारा अपराधमा पाएको सजाय सदर भएको छ। कांग्रेसकी सभाषद् आफूलाई ठूलो मान्छे नमानेकै भन्दै व्यापारीलाई थुनाएर शक्ति प्रदर्शन गर्न पुगिन्। कांग्रेसकै अर्का सभाषद् वेश्यालय र जुवा घरमा पक्राउ परे। यी केही घटनामात्र हुन्। यसबाहेक थुप्रै आपराधिक घटनाहरू घटेका छन् र सभासदहरूले आफूलाई बाहुबली



सावित गरेका छन्।

जुन देशमा लोकतन्त्र हुन्छ, जुन लोकतन्त्र विधिले चल्छ, जुन विधिमा दण्ड र सजायको व्यवस्था हुन्छ, त्यस्तो लोकतन्त्रमा लोकको सम्मान र अपराधीहरू जेलमा हुन्छन्। नेपालको लोकतन्त्र गणतन्त्र झिंझा डाँकहरूको अखडा बन्न पुगेको छ। लोक प्रताडित छन्, लोकमतको वेइज्जत भइरहेको छ, विधिको महिमा र गरिमा बलात्कार भइरहेको छ। त्यसैले पार्टी, सरकार र संविधानसभा अपराधीहरूको अखडा बन्न पुगेको छ।

संविधानसभा र संसद लोक प्रतिनिधिको सर्वोच्च संस्था हो। यस्तो संस्थाको इज्जत लुट्न पार्टी र पार्टीका सभासद् लागिपरेका छन्। आश्चर्यको परिदृश्य त के छ भने लोकतन्त्रको फुहँकी हाँकेर नथाक्ने पार्टीका शीर्ष नेताहरू आफ्नै पार्टीभित्रका अपराधीक क्रियाकलापमा संलग्न सभासद्हरूको संरक्षक बनेका छन्। अनि कसरी सुरक्षा निकाय सवल हुन्छ। कसरी कानूनले (बाँकी अन्तिम पेजमा)

## आठौं चरणको नाटक असोज १० गते

काठमाडौं / भदौ २२ गतेको तमासा देखाएर संविधानसभाका अध्यक्ष सुभाष नेम्बाङले आठौं चरणको तमासा असोज १० गते देखाउने मिति घोषण गरेको छन्। प्रम माधवकुमार नेपालले असार १६ गते राजीनामा दिएपछि संविधानसभा संसद्ले प्रधानमन्त्री छान्ने केटाकेटी खेल निरन्तर खेलिरहेको छ। संविधानसभामा पक्ष वा विपक्षमा मतदान गर्नैपर्ने कानूनी प्रावधानलाई उल्लंघन गरेर एमाले र मधेशवादी दलहरूले नो भोट, बाहिस्कार, तटस्थ बस्ने काम गर्दा यो तमासा भइहरको हो। तमासाका मुख्य पात्र माओवादी अध्यक्ष प्रचण्ड र कांग्रेसी नेता रामचन्द्र पौडेल सात सातपटक अस्विकृत भइसक्दा पनि अझै थाकेका छैनन्। प्रधानमन्त्री बनि छाड्ने यिनको सत्तालिप्सा तीजको विकृत रत्यौली नाच बन्न पुगेको छ।

सातौ पटकको निर्वाचनमा प्रचण्डले २५२ र पौडेलले ११९ मत पाएका थिए। मुलुकलाई सरकार विहिन रुपमा राख्ने (बाँकी अन्तिम पेजमा)

## सभामुखकै कराण संसद् अनिर्णयको बन्दी

अभियान संवाददाता

काठमाडौं / माधवकुमार नेपालले राजीनामा दिएको दुईचार घण्टाभित्रै सबै समस्या समाधान हुन्छ र राष्ट्रिय सरकार बन्छ भन्ने डंक पिट्नेहरूले व्यवस्थापिका संसद्बाट सात सात पटक भएको प्रधानमन्त्रीको निर्वाचनमा पनि प्रधानमन्त्री चुन्न नसकेपछि संविधानसभा /व्यवस्थापिका संसद्, संविधानसभाका अध्यक्ष र राजनैतिक दलहरूमाथि नै प्रश्न उठ्न थालेको छ। एकीकृत नेकपा माओवादीका अध्यक्ष प्रचण्डलगायतका वरिष्ठ नेताहरूले माधवकुमार नेपालले राजीनामा दिएको दुईचार घण्टाभित्रमा राष्ट्रिय सहमतिको सरकार बन्ने उद्घोष गरेपनि त्यो अहिले हावा सावित भएको छ। स्वयं माओवादीका अध्यक्ष पुष्पकमल दाहाल सहमतीय सरकार होइन बहुमतीय सरकारको नेतृत्व गर्न प्रधानमन्त्रीको चुनावी दौडमा रहेका छन्। व्यवस्थापिका संसद्बाट सात सात पटक प्रधानमन्त्रीको लागि अस्वीकृत हुँदासमेत उनीहरू फेरी प्रधानमन्त्रीको दौडमा रहनु भनेको माओवादी सत्ताका लागि जे गर्न पनि तयार हुँदो रहेछ भन्ने प्रमाण हो। राष्ट्रिय सहमतिको सरकारको डंक पिट्नेहरू किन बहुमतीय सरकारको लागि मरिहत्ते गरी सारा विश्वलाई जाइजात्रा देखाइरहेका छन्।

संविधानसभा/व्यवस्थापिका



संसदका अध्यक्षलाई संविधानसभा /व्यवस्थापिका नियमावलीले विशिष्ट (बाँकी अन्तिम पेजमा)

## सभासद्हरू संविधानभन्दा माथि ?

अभियान संवाददाता

काठमाडौं / संविधानसभाले तोकिएको समायमा अर्थात् २०६७ साल जेठ १४ गते भित्रमा संविधान निमार्ण गर्न नसकेपछि १४ गते मध्यरतामा संविधान सभाका तीन ठूला दलहरूले जनताले दिएको दुई वर्षे म्याडेटलाई उल्लंघन गर्दै एक वर्षको समयावधि लम्बाएपछि मुलुकमा अन्य प्रकारका समस्याहरू थपिएका छन्। त्यसरी समस्याहरू थप्ने कार्यमा स्वयं संविधानसभाका सदस्यहरू नै सक्रिय भएका छन्। तीन ठूला दलका सभाषद्हरू अनेका काण्डमा मुछिएपछि आफ्ना सभासद्हरूलाई दलहरूले कारबाही नगर्नु भनेको दण्डहिनताको अर्को राम्रो प्रमाण हो।

केही समयपहिला घुस काण्डमा नेकपा एमालेका सभासद् रङ्गेहात पक्राउ परेर उनी अहिले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रहरी हिरासतमा रहेका छन्। त्यसैगरी अर्का सभाषद् पनि छोरालाई जागिर खुवाउने क्रममा घुस ख्वाउने कार्यमा सक्रिय भए भने नेपाली कांग्रेसकी सभासद् कल्याणी रिजालले आफूलाई व्यापारीले नचिनेको र आदर नगरेको भन्दै बागबजारका एक व्यापारीलाई प्रहरी हिरासतमा पुऱ्याउन सफल भइन्। (बाँकी अन्तिम पेजमा)

## राजधानीमै राजतन्त्र जिन्दावाद

काठमाडौं / काभ्रे, बाँके, बारा, पर्सा, रौतहट हुँदै राजधानीमै राजतन्त्र जिन्दावादको



नारा घन्किन थाल्यो। गत सोमबार पूर्वराजा फुटुङमा निर्मित हृषेश्वर महादेवको समुद्घाटन, पूजा अर्चन गर्न पुग्दा राजधानीवासीले राज आउ देश बचाउ भन्दै जयजयकारको नारा घन्काए। त्यस अवसरमा पूर्वराजाले बृद्ध बृद्धा, जेष्ठ नागरिहरूको सम्मापनि गर्नुभयो। पूर्व युवराज, पूर्व युवराज्ञी र पूर्व राजासमेत धर्मकर्मको नाममा दौडधुप गरेको विषयलाई माओवादीले राजनीतिसँग (बाँकी अन्तिम पेजमा)

## झलनाथको काराण माओवादी सरकार

काठमाडौं / सात/सात पटक निर्वाचनबाट पनि प्रधानमन्त्री चुन्न व्यवस्थापिका संसद असफल हुनुमा नेकपा एमाले प्रमुख जिम्मेवार रहेको छ। मुलुकलाई सरकारबिहीन र अनिर्णयको बन्दी बनाउने कार्यमा नेकपा एमाले सक्रिय भएपछि मुलुक थप संकट तर्फ धकेलिएको छ। नेकपा एमालेका अध्यक्ष झलनाथ खनालले आफू प्रधानमन्त्री बन्न नपाएपछि सात पटकको प्रधानमन्त्रीको चुनाव हुँदा सम्म नेकपा एमालेलाई तटस्थ राख्नु भनेको मुलुकलाई संकटको भूमरीमा धकेल्न खोज्नु र अप्रत्यक्षमारुपमा माओवादीलाई सकार बनाउन सहयोग गर्नु हो।

संविधानसभामा उपस्थित भएका तीन ठूला दलहरू एकीकृत नेकपा (बाँकी अन्तिम पेजमा)

## कांग्रेसीहरूले अब आफूलाई सुधार्लान ?

*शाश्वत शर्मा*

नेपाली कांग्रेसको १२ औं महाधिवेशन यही असोज १ गतेदेखि ६ गतेसम्म काठमाडौंमा सम्पन्न हुँदैछ। करीब तीन करोड खर्च हुने अनुमान गरिएको यस महाधिवेशनका लागि तैयारीहरू धमाधम हुँदैछन्। सभापतिमा सुशील कोइराला र शेरबहादुर देउवा मुख्य प्रतिस्पर्धीका रुपमा देखिएका छन् भने भीमबहादुर तामाङ पनि 'दुई दुई हात' गर्ने सुरसारमा छन्। अब महामन्त्रीका लागि प्रतिस्पर्धामा उत्रिएकाको 'भीड' लाई विचार गर्ने हो भने त बल्ल कांग्रेसीहरू 'कोइराला'हरूको हैकमबाट मुक्त हुन खोजेछन् भन्ने भान हुन्छ। अघि प्रजातन्त्र प्राप्ति पछि (२०४६पछि) र कथित गणतन्त्र स्थापना पछि सधैं गिरिजाप्रसाद कोइरालाको विर्ता झैं हुन पुगेको नेपाली कांग्रेस पार्टी अब ती कोइरालाको मृत्यु पछि साँच्चिकै प्रजातान्त्रिक पार्टीमा रुपान्तरित हुन्छ कि ? कथित लोकतन्त्र सँगसँगै राष्ट्रभक्तिलाई पनि महत्व दिन्छ कि ? भन्ने प्रश्न आम नेपालीहरूको माझ उठिरहेको छ। साँच्चै कांग्रेसीहरूले 'राष्ट्रवाद' लाई महत्व देलान ? हिजो 'राष्ट्रवाद' लाई राजा र राजावादीहरूको 'वाद' ठान्ने कांग्रेसीहरू प्रजातन्त्र लोकतन्त्रका लागि भन्दै भारतीय विस्तारवादको पोल्टामा पुगे। हुँदाहुँदा २०४६ सालमा बहुदलको पुनर्स्थापना पछि पनि राजाले पुनर्स्थापित 'प्रजातन्त्र'को फेरी (?) अपहरण गर्छन भनेर प्रजातन्त्रको आवरणमा भारतीय विस्तारवादलाई नै प्रोत्साहन दिए- कांग्रेसीहरूले। अब यो गणतन्त्र



प्राप्तिका लागि र त्यसपछि यी कांग्रेसीहरूले नेपालमा कसरी र कत्तिको भारतीय विस्तारवादलाई हावी गराएका छन्, त्यसको त चर्चै नगरे हुन्छ। ...अर्थात् सत्ता प्राप्तिका लागि, ...राजासँग बदला लिनका लागि र नेपाली जनताभन्दा भारतीय विस्तारवादसँग बढी भरोसाका कारण हिजोसम्म जसरी प्रजातन्त्र (लोकतन्त्र) भन्ने शीर्षक राखेर भारतपरस्त हुँदै गयो, नेपाली (बाँकी पाँच पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरु ध्वस्त पारे समाज ।

¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं । – *अभियानवाणी*

अभियान साप्ताहिक

## सम्पादकीय

# राजधानी अब अपराधीहरुको शहर

काम चलाउ सरकारको भरमा मुलुक सञ्चालन भएपछि मुलुक दण्डहिनता तर्फ उन्मूख भएको छ । विश्वका जुनसुकै प्रजातान्त्रिक मुलुकहरुको पहिलो दायित्व र कर्तव्य भनेको आफ्ना नागरिकको जिउधनको सुरक्षा गर्नु भएपनि विगतदेखिका सरकार नागरिकको जिउधनको सुरक्षा गर्न असफल सावित भएका छन् । माओवादीले चलाएको दशवर्षे जनयुद्ध कालदेखि गणतन्त्रसम्म आइपुग्दा पनि दण्डहिनताले प्रसय पाउनु भनेको निश्चय पनि सत्ताधारी दलहरु र राजनैतिक दलहरुको अकर्मण्यता र असफलताको धोतक नै हो । मुलुकबाट दण्डहिनताको अन्त्य नागरिएसम्म कुनै पनि नागरिक सुरक्षित भएर बाँच्न पाउने छैनन्, एउटा नागरिक आफ्नै देशभित्र स्वतन्त्ररूपमा घुमफिर गर्न सक्ने अवस्था अहिले छैन । को कतिवेला कहाँ अपहरण परिने हो भन्ने डरले नागरिकहरु भयभित भएका छन् । यस्तो अवस्था सिर्जना हुनु भनेको आफैंमा लज्जास्पद र मुलुककै लागि दुर्भाग्य सावित हुनु हो ।

दशवर्षे माओवादीको जनयुद्धपछि तत्कालीन सात दल र माओवादीबीच भारतको राजधानी नयाँ दिल्लीमा भएको १२ बुँदे सहमति र त्यसलाई आधार मानेर गरिएका कतिपय सहमति, सम्झौता र समझदारीहरुको उल्लंघन स्वयं सहमति गर्ने दलहरुले नै गरेका हुनाले मुलुकमा दण्डहिनताले प्रश्रय पाएको हो । एकीकृत नेकपा माओवादीका कार्यकर्ता र नेताहरुबाट हुने गरेका विभिन्नखालका अपराधहरु नियन्त्रण गरी अपराधीहरुलाई कानूनको दायरामा ल्याउन नसकेकै कारण दण्डहिनताले प्रश्रय पाएको मात्र नभएर अपराधीहरुको मनोवलसमेत बढेको छ । विभिन्नरूपमा राजधानीबाटै नागरिहरु हराउने वा वेपत्ता हुने क्रममा व्यापक वृद्धि भएको छ । त्यसरी वेपत्ता हुने व्यक्तिहरु अपराधीको पञ्जामा पर्ने गरेका भएपनि त्यस्ता व्यक्तिलाई छुटकारा दिलाउन प्रहरी प्रसाशन पूर्णरूपमा असफल सावित भएको छ । प्रहरी प्रशासनलाई दलगत भागवण्डाको आधारमा सञ्चालन गरिएपछि भागवण्डाकै कारणले प्रहरी प्रसाशन अपराध नियन्त्रण गर्न असमर्थ रहेको प्रमाण हो, भाद्र १८ गते कुमारीपाटी आफ्नो कार्यालयबाट ४:३० बजे घर फर्कने क्रममा वेपत्ता भएका इन्जिनियर महेन्द्र चुडाल ६ दिनसम्म सम्पर्कमा नआउनु र प्रहरी प्रशासनले अपहरणकारीहरुको सुइकोसम्म नपाउनु ।

महेन्द्र चुडाल अपहरणमा परेको आशंका घर परिवारले गरी १८ गते नै प्रहरी प्रशानसलाई जानकारी गराइएपनि शुरूका दिनमा प्रहरी प्रशासनको राम्रो सहयोग पाइएको भएता पनि केही दिन पछि उक्त कार्यले निरन्तरता पाउन सकेन । शान्ति सुरक्षाको जिम्मा लिएर बसेका गृहमन्त्री भीम रावल र केही ठूला तहका व्याापरीहरुको साँठगाँठले गर्दा निज चुडालका परिवारले शंका गरको ठाउँमा प्रहरीहरुले खानतलासी गर्न सक्ने अवस्था नभएपछि प्रहरी रित्तो हात लिएर फर्कन बाध्य भएका थुप्रै घटनाहरु प्रहरीसामू रहेका छन् । गृहमन्त्री रावलले अपराधीलाई नछोड्न प्रतिबद्धता मन्त्री भएकै दिन जनाएपनि हाल उनी काम चलाउ सरकारका गृहमन्त्री भएको हुनाले उनी कामाउ धन्दामा नै सक्रिय भएको र ठूलाबडा र उद्योगी व्यवसायीहरु कसैसँग नराम्रो व्यवहार नगर्ने मनस्थितिमा पुगेका हुनाले अपराधीहरुको मनोबलमा वद्धि भएको छ । निज चुडालका परिवारले निजलाई लुकाइ राखेको ठाउँ पत्ता लागाएर प्रहरी प्रशासनसँग गुहार माग्दा उल्टो प्रहरी प्रशासनले गाली खानु परेको दुखेको प्रहरीले पोखेका थिए । यसरी गृहमन्त्री स्वयं अपराधीहरुको संरक्षक भएको हुनाले अब राजधानीलाई अपराधीहरुको शहर किन नभन्ने ? राजधानीबाटै अहिलेसम्म भएका धेरै घटनाहरु पत्तो लगाउन प्रहरी प्रशासन सफल भएपनि राजनैतिक कारणले गर्दा त्यस्ता अपराधीहरुलाई कारबाही नगरी त्यसै छोडिएको हुनाले अब जो सुकै जुनसुकै बेला पनि अपहरणमा पर्न सक्ने र हत्या नै हनु सक्ने अवस्था राजधानीमा भएको हुनाले राजधानीबासी आतंकित भएको भएता पनि सरकार भने कानमा तेल हालेर बस्नुले प्रजातान्त्रिक सरकार यस्तै हुँदो रहेछ भन्ने प्रमाणित भएको छ ।

# व्यवस्थापिका संसद् पूर्ण असफल

– देवेन्द्र चुडाल –

आमनेपाली जनताबाट तिरष्कृत भएको र आफैं असफल भइसकेको व्यवस्थापिका संसद्ले ७-७ पटक चुनाव गर्दासमेत प्रधानमन्त्री चुन्न नसकेपछि मुलुक थप संकटमा फसेको छ । दलहरूको अकर्मण्यता र नालायकीपनकै कारण मुलुक राजनैतिक-आर्थिक क्षेत्रमा असफल हुनसक्ने अवस्था सिर्जना भएको छ । दलहरूको दलगत स्वार्थले गर्दा मुलुकलाई अनिर्णयको बन्दी दलहरूले नै बनाएका छन् । माधवकुमार नेपाल नेतृत्वको सरकारले राजीनामा दिएको दुई-चार घण्टामा सबै समस्याहरूको समाधान हुन्छ भनेर डुक्रिने माओवादीका अध्यक्ष पुष्पकमल दाहाल व्यवस्थापिका संसद्बाट ७-७ पटक अस्वीकृत भएका छन् । बहुमतप्राप्त माधवकुमार नेपाल नेतृत्वको सरकारलाई धरापमा पारेर राजीनामा दिन बाध्य स्वयं प्रधानमन्त्री माधव नेपालको पार्टी एमालेले पारेको थियो । माधव नेपालको सरकार नै सहमतीय सरकारको बाधक देख्ने माओवादीको नेतृत्व र नेकपा एमालेको नेतृत्वले अब जनतालाई जवाफ दिनुपर्दछ कि पर्दैन ? गैरराजनैतिक चरित्र देखाएर राजनैतिक अभिव्यक्ति दिने नेताहरूकै कारण मुलुकलाई आर्थिक संकटमा पुऱ्याइएको छ । जनता महँगी, अभाव, डर, भय, त्रासमा बाँच्न बाध्य भए पनि दलका नेताहरू भने प्रधानमन्त्रीको दौडमा दौडिएर ७-७ पटकसम्म हारको स्वाद चाख्दासमेत उनीहरूमा कुनै आत्मग्लानी भएको छैन । आफ्नो असफलतालाई लुकाउनका लागि कोही संसदीय व्यवस्थालाई दोष दिइरहेका छन् भने कोही संसद्लाई । हो, अहिले प्रधानमन्त्री चुनिन नसक्नुको प्रमुख दोषी भनेको संविधानसभा /व्यवस्थापिका नै हो । जनताले दुई वर्षको म्याण्डेट दिएर संविधान निर्माण गर्न पठाएका कथित् जनताका स्वघोषित प्रतिनिधि भएका ६०१ सभाषद्हरूले सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको अधिकार खोसेर मृत्युशैयामा पुगेको संविधानसभाको पदावधि आफैंले थपे, यो प्रजातान्त्रिक व्यवस्थाका लागि सबैभन्दा ठूलो संकट हो । विश्वका कुनै पनि प्रजातान्त्रिक मुलुकहरूमा आफैंले आफ्नो पदावधि थपेको इतिहास छैन । विश्वका केही देशहरूमा संविधानसभाले संविधान बनाए पनि त्यस्ता संविधानहरू लामो समयसम्म टिकेको इतिहास ज्यादै थोरैमात्र छ ।

छिमेकी मुलुक भारतलगायतका केही देशहरूमा संविधानसभाले संविधान बनाएको इतिहास छ भने केही देशमा संविधान बनाउन गठन गरिएको संविधानसभा एक-दुई वर्षमै वा केही महिनामै ध्वस्त भएको छ । अहिलेसम्मको विश्व परम्परालाई हेर्दा केही मुलुकबाहेक अन्य मुलुकहरूमा संविधानसभाले संविधान बनाएको र संविधान टिकेको इतिहास नभएको हुनाले पनि नेपालमा पनि त्यस्तै अवस्था सिर्जना भएको छ । संविधानसभाको चुनावअगाडि थाँती राखिएका समस्याकै कारण संविधान तोकिएको समयमा निर्माण हुन नसकेको पुष्टि भएको छ । नेपालको इतिहासक्रममा भएका घटनाक्रहरूले गर्दा नेपाल अझै पनि संकटपूर्ण अवस्थामा नै रहेको छ । संविधानसभाको चुनाव सम्पन्न गराउनका लागि तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको अविवेकीपूर्ण निर्णय र निजको बढ्दो महत्वाकांक्षाका कारण आज सम्पूर्ण नेपाली जनताले कष्टपूर्ण जीवन बिताउन बाध्य भएका छन् । आन्दोलनमा रहेको तत्कालीन माओवादीलाई शान्तिपूर्ण मार्गमा ल्याएर उसैको टाउकोमा टेकेर आफू नेपालको पहिलो राष्ट्रपति बन्ने महत्वाकांक्षाले गर्दा गिरिजाप्रसाद कोइरालाले माओवादीका चाहिंदा-नचाहिंदा सबैप्रकारका मागहरू पूरा गरिदिएकै कारण मुलुक संकटको दलदलमा फसेको सत्य वास्तविकतालाई दलहरूले स्वीकार गर्न नसकेको अर्थ के ? राजनेतामा हुने गुणहरू मध्येका केही गुणहरू त नेताहरूमा हुनुपर्ने हो, तर यहाँका नेताहरू त राजनेता होइन, एउटा असल कार्यकर्तासमेत हुन नसकेको हुनाले समस्या आएको हो ।

व्यवस्थापिका संसद्ले ७-७ पटकसम्म प्रधानमन्त्री चुन्न सक्दैन । संविधानसभामा उपस्थित भएका पच्चीस दलमध्येका तीन ठूला दल नेपाली कांग्रेस, नेकपा माओवादी र नेकपा एमालेको हठ र जनताप्रतिको राजनैतिक बेइमानीका कारण मुलुक सरकारबिहीन अवस्थामा रहेको छ । मुलुक अहिले कामचलाऊ सरकारबाट सञ्चालित भए पनि उसले नीतिगत निर्णयहरू लिन नसकेको हुनाले राजस्व क्षेत्रमा समेत ठूलो प्रभाव परेको छ । माधवकुमार नेपाल नेतृत्वको सरकारले ल्याएको पेश्की बजेटको समय-मीमा असोज महिनाभित्र सकिने र त्यही महिना नेपालीहरूको ठूलो चाड पर्ने भएको हुनाले यसपालीको दशैंमा निजामती सेवाका कर्मचारीहरू र सुरक्षा निकायका कर्मचारीहरूले तलबभत्तालगायत दशैं पेश्की पाउनसक्ने सम्भावना कम रहेको हुनाले कर्मचारीतन्त्रमा निराशा छाएको छ । व्यवस्थापिका संसद्ले श्रावण ५, ७, १२, २१, भाद्र ७, २० र २२ गते भएको प्रधानमन्त्रीको चुनावमा प्रधानमन्त्री चुन्न नसक्नु भनेको संसदीय व्यवस्था असफल हुनु नभएर दलहरू असफल भएका हुन् । जनताले दिएको दुई वर्षे म्याण्डेटलाई संविधानसभाले पूर्णरुपले पालना गरेको भए अहिलेको अवस्था नै आउने थिएन । अहिलेको अवस्थाको सिर्जना गर्ने कार्यमा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल, नेकपा एमालेका अध्यक्ष झलनाथ खनाल र संविधानसभाका अध्यक्ष सुभाष नेम्वाङ्ग पूर्णरुपमा जिम्मेवार रहेका छन् । यी तीनैजनाले आ-आफ्नो जिम्मेवारी निभाएका भए समस्याको समाधान भइसक्ने थियो । संविधानसभाको नेता भनेका सभामुख नेम्वाङ्ग नै हुन्, संसद्ले प्रधानमन्त्री चुन्न नसक्ने अनि संसद् असफल भयो भन्ने, तर त्यसका नेता सभामुख कसरी सफल भए त ? व्यवस्थापिका नियमावलीले सभामुखलाई धेरै अधिकारहरू प्रदान गरेको छ । आफूले पाएको अधिकार प्रयोग गर्न नसक्नु पनि असफलता नै हो । संविधानसभाको नेताको हैसियतले उनले राजनैतिक दलहरूलाई निर्देशन दिन सक्छन् । प्रधानमन्त्रीको चुनावमा कुनै पनि दलले तटस्थ बस्न पाइँदैन भनेर निर्देशन जारी गर्नसक्ने अधिकार नेम्वाङ्गलाई भए पनि कतै तालुमा आलु फलेर प्रधानमन्त्री खान पाइन्छ कि भनेर सबै दलका नेताहरूको चाकडीमै उनी व्यस्त रहेका छन् । त्यसैगरी नेकपा एमालेका अध्यक्ष झलनाथ खनालले एकीकृत नेकपा माओवादीको पुच्छर समाएर आफैं प्रधानमन्त्रीको बैतर्णी तर्ने एकमात्र उद्देश्यका साथ ७-७ पटक भएको प्रधानमन्त्रीको चुनावमा नेकपा एमालेलाई तटस्थ राख्न सफल भए, विश्वका कुनै पनि प्रजातान्त्रिक मुलुकहरूमा प्रधानमन्त्री चुन्नका लागि संसद्मा ७-७ पटक चुनाव भएको इतिहास अहिलेसम्म सुनिएको छैन । त्यसैले भनिन्छ, कहीं नभएको जात्रा हाँडी गाउँमा । अब त्यो नेपाली उखानको प्रमोशन भएर कहीं नभएको जात्रा नेपालमा बन्न पुगेको छ ।

नेकपा एमालेका अध्यक्ष झलनाथ खनालले माओवादीको लहै-लहैमा लागेर आफ्नै वरिष्ठ नेताको नेतृत्वमा रहेको बहुमतीय सरकारलाई राजीनामा दिन बाध्य पारेर एकीकृत नेकपा माओवादीका नेताहरूको बोलीमा बोली मिलाउँदै माधवले राजीनामा दिएको दुई-चार घण्टाभित्र सबै समस्याको समाधान हुन्छ भनेर आफ्ना कार्यकर्ता र नेपाली जनतालाई उल्लु बनाए, तर खोई दुई-चार घण्टा होइन, राजीनामा दिएको ६५ दिनमा पनि नयाँ प्रधानमन्त्री चुन्न नसक्नु खनाल र दाहालको राजनैतिक बेइमानी होइन र ? सहमतिको नाममा एकीकृत नेकपा माओवादीले देखाइदिएको ललीपपका पछाडि दौडेर आफ्नो पार्टीलाई अनिर्णयको बन्दी बनाउने एमालेका अध्यक्ष झलनाथ खनालको रणनीति अब असफल सावित भएको छ । त्यसैक्रममा एकीकृत नेकपा माओवादीका नेता देव गुरुङले राष्ट्रिय सहमतिको नाममा एमालेका अध्यक्ष झलनाथ खनाल आफैं प्रधानमन्त्री बन्ने दाउमा रहेको हुनाले कुनै हालतमा पनि खनाललाई प्रधानमन्त्री स्वीकार गर्न नसकिने उद्घोष गरेपछि अध्यक्ष खनाल पानीमा भिजेको मुसो सावित भएका छन् । यसरी व्यक्तिगत स्वार्थ र पार्टीगत स्वार्थले गर्दा मुलुकलाई संकटपूर्ण अवस्थामा पुऱ्याउने दल र तिनका नेताहरूलाई अब सधैंका लागि राजनीतिबाट बिदा नगरिएको खण्डमा राजनीति शुद्धीकरण हुन सक्दैन ।

# नेपालमा सिंचाइ : बिगत, वर्तमान र भविष्यको नीति

*- अनिलकुमार पोखरेल -*
*महानिर्देशक : सिंचाइ विभाग, नेपाल सरकार*

**नेपालको कूल क्षेत्रफल : १,४७,१८,१०० हेक्टर**
**कृषियोग्य जमीन : २६, ४१,००० हेक्टर**

**सतह र भूमिगत सिंचाइ पुऱ्याउन सकिने जमीन : १७,६६,००० यसमध्ये तराईमा सिंचाइयोग्य जमीन : १३,३८,००० हेक्टर पहाडमा सिंचाइयोग्य जमीन : ३,६८,००० हेक्टर हिमाली क्षेत्रमा सिंचाइयोग्य जमीन : २,२७,००० हेक्टर अहिलेसम्मको अध्यावधिक सिंचाईको स्थिति : सतह सिंचाइबाट सिंचित क्षेत्रफल : ६,६६,८७३ हेक्टर, भूमिगत जल सिंचाइबाट सिंचित : २,८०,००० हेक्टर कृषकले परम्परागत रूपमा सिंचित : २,८०,०४१ हेक्टर । भूमिगत जल सिंचाइबाट सिंचित : २,८०,००० हेक्टर कृषकले परम्परागत रूपमा सिंचित : २,८०,०४१ हेक्टर ।**

यसरी हेर्दा नेपालको सिंचाइको विकासक्रम निकै कमजोर देखिन्छ । राज्यले विशेष सिंचाइ विकासमा बिशेष ध्यान र प्राथमिकता दिनुपर्ने तथ्याङ्कले देखाउँछ । आवश्यक प्राविधिक र श्रमशक्तिसमेत स्वदेशमै उपलब्ध भइसकेको सन्दर्भमा लगानी गर्नसके कृषि उत्पादनमा बढोत्तरी हुने र राष्ट्रिय उत्पादन र अर्थतन्त्रमा सिंचाइ विकासले ठूलो उपलब्धि हासिल गर्नसक्ने अवस्था छ ।

**सिंचाइको बिगत**

१. नेपालमा सिंचाई १९७९ देखि विकास क्रम शुरु भएको हो । १९८५ मा चन्द्र नहर निर्माण भएर पानी वितरण शुरु भएपछि आधुनिक सिंचाइ प्रविधि प्रादुर्भाव भएको हो । त्यसपछि बिसं. २००० मा सर्लाहीको मनुष्मारामा नदीमा जुद्ध नहर, कपिलवस्तुको जगदीशपुर बाँध र पोखराको पार्दी बाँध थालनी भएको देखिन्छ । यस्ता नहरहरू बडा हाकिमबाट सञ्चालित हुन्थे, प्राविधिकहरूसमेत बिदेशबाट झिकाइन्थ्यो । सिंचाइमा राज्यको संलग्नता सिमित थियो ।

२.बिसं. २००९ मा नहर बिभाग गठन भयो । यो बिभाग निर्माण तथा सञ्चार मन्त्रालय अन्तर्गत राखियो । राष्ट्रको योजनागत विकासको क्रमसैँ २०१३ सालदेखि सिंचाइमा नेपाली प्राविधिकहरू संलग्न हुनथाले । २०२३ साल भदौ ३ गते जल तथा विद्युत मन्त्रालयअन्तर्गत सिंचाइ तथा खानेपानी बिभाग परिवर्तन गरियो । २०२५ सालमा अलग्गै लघु सिंचाइ बिभाग खडा गरिए पनि २०२८ सालमा यसलाई सिंचाइ तथा खानेपानी बिभागमै गाभियो । २०२९ साल मंसीर ४ गते सिंचाइ तथा जलवायु विज्ञान विभागमा रुपान्तरण गरियो । २०३७ सालमा यो बिभागलाई जलस्रोत मन्त्रालय अन्तर्गत राखियो । परिवर्तनका अनेक खण्डहरू पार गर्दै २०४४ सालमा सिंचाइ बिभाग खडा गरियो । २०६६ साल जेठ २९ गते सिंचाइ मन्त्रालय गठन भयो र यो बिभाग सिंचाइ मन्त्रालय अन्तर्गत राखिएको छ ।

३. यसरी हेर्दा २०१३ सालमा सुरु भएको पहिलो पञ्चवर्षीय योजना सँगै सरकारी स्तरबाट सिंचाइको विकासक्रम सुरु भएको हो ।

**सिंचाइको वर्तमान :**

उदेश्य : देशमा विद्यमान जलश्रोतको विकास गरी सिंचाइयोग्य जमीनमा वर्षैभरि सिंचाइ सेवा विस्तार गर्ने, दिगो व्यवस्थापन गर्ने, यस क्षेत्रको समष्टिगत राष्ट्रिय कार्यदक्षता अभिबृद्धि गर्ने । यस उद्देश्य प्राप्ति गर्न विभिन्न आयोजनाहरू संचालित छन् र ती आयोजनाहरूलाई सफल पार्नका लागि पाँच विकास क्षेत्रमा क्षेत्रीय निर्देशनालय, ८ जिल्लामा भूमिगत जलश्रोत विकास समिति, ४ विकास डिभिजन, २६ सिंचाइ विकास डिभिजन, २० सिंचाइ विकास सब डिभिजन, ८ क्षेत्रमा सिंचाइ व्यवस्थापन डिभिजन, ३ यान्त्रिक डिभिजनसहित पचहत्तरै जिल्लामा सिंचाइ कार्यालयहरू व्यवस्थित रुपमा संगठित गरिएका छन् । यी सबै कार्यालयहरूको कार्य विवरण तथा जिम्मेवारीको बाँडफाँड, योजना, डिजाइन, अनुगमन तथा मूल्याङ्कनको व्यवस्थित व्यवस्थापन गरिएको छ । कर्मचारी, सम्पत्ति र आर्थिक पारदर्शिताका लागि समुचित प्रवन्ध गर्नुको साथै कानुनी परामर्श शाखालाई समेत क्रियाशील राखिएको छ ।

२०४५ सालसम्ममा ७५ जिल्लामै सिंचाइ कार्यालय स्थापना गरिसकिएको छ । २०६१ मा बिभागको कार्यबिधि तयार भएको छ । प्रचूर जलश्रोतको उपलब्धता भए पनि सिंचित क्षेत्रमा सिंचाइ सेवाको कमीलाई परिपूर्ति गर्नु नै सिंचाइ विभागको मुख्य लक्ष्य हो र यो लक्ष्य परिपूर्ति गर्न आवश्यक नीतिहरू तय गरिएका छन् । ती नीतिहरू यस्ता छन् :

- सिंचित क्षेत्रको घोषणा गर्ने, सिंचित क्षेत्रभित्रको जग्गा गैरकृषि प्रयोजनका लागि प्रयाग गर्न अनुमति लिनुपर्ने व्यवस्था गर्ने । - सरोकारवालालाई आवश्यक पानीको व्यवस्था, लगानीको प्रतिफल, लागतमा हिस्सेदारी र दैवीप्रकोप बिरुद्धको स्वविमा गर्ने गरी आयोजनाको तर्जुमा । - वर्षैभरि सिंचाइ सुविधा पुऱ्याउनु जलाशय, वर्षाको पानी संचय र भूमिगत जलस्रोतको विकास र संरक्षण । - ठूला नदीको पानीलाई सुख्खाग्रस्त क्षेत्रमा लैजाने गुरुयोजनाको तर्जुमा । -सिंचाईको प्रयोजनका लागि सरकारी वा निजी वा संयुक्त लगानीलाई प्रोत्साहित गर्ने । - उपलब्ध भूमिगत जल भण्डारलाई सतह जलशयकै रुपमा विकास गर्ने । सिंचाइ प्रणालीहरूमा निजी क्षेत्रलाई संलग्न गराउने ।

- सिंचाइ प्रणालीहरू कार्ययोजनाका आधारमा उपभोक्ताहरूलाई नै हस्तान्तरण गर्दैजाने ।

- सिंचाइ योजनाहरूमा उपभोक्ता र गैरसरकारी क्षेत्रलाई पनि संलग्न गराउँदै जाने ।

- सिंचाइ आयोजनाका बारेका सूचना उपभोक्ता, स्थानीय निकाय र सामान्य जनतामा संचेतना बढाउने । - सिंचाइ सेवा सुविधाको मापन गर्ने । - सिंचाइ क्षेत्रमा कार्यरत जनशक्तिलाई अत्याधुनिक तालिममा निरन्तरता दिने । - थप आवश्यक पर्ने सबै प्रकारका सुधार गर्दै जाने ।

क) सिंचाइ विभागबाट संचालनमा रहेका आयोजनाहरू :
१. सिक्टा सिंचाइ आयोजना, २. बबई सिंचाइ आयोजना, ३. सुनसरी मोरंग सिंचाइ आयोजना (तेश्रो), ४. महाकाली सिंचाइ आयोजना, ५. सुर्खेत उपत्यका सिंचाइ आयोजना, ६. बागमती सिंचाइ आयोजना, ७. प्रगन्ना तथा बड्कापथ सिंचाइ आयोजना ।
ख) कार्यक्रमका रुपमा संचालित आयोजनाहरू

१. भूमिगत डीप ट्यूबवेल सिंचाइ आयोजना, २. भूमिगत स्यालो ट्यूबवल सिंचाइ आयोजना, ३. डिप तथा स्यालो स्यालो ट्यूबवल सिंचाइ आयोजना, ४. सामुदायिक भूमिगत जल सिंचाइ सेक्टर आयोजना, ५. समुदाय व्यवस्थित सिचित कृषि क्षेत्र आयोजना, ६. मर्मत सम्भार आयोजना, ७. बृहद सरकारी सिंचाइ आयोजनाको पुनर्स्थापना, ८. सिंचाइ तथा जलश्रोत व्यवस्थापन आयोजना, ९. मझ्यौला सिंचाइ आयोजना, १०. नयाँ प्रविधिमा आधारित सिंचाइ आयोजना, ११. दरौदी पालुङ्टार सिंचाइ (नदी नियन्त्रण) आयोजना, १२. कर्णाली अञ्चल सिंचाइ विकास कार्यक्रम
१३. सेती महाकाली सिंचाइ विकास कार्यक्रम

ग) अध्ययन अनुसन्धान तथा अन्य सहयोगी कार्यक्रमहरू
१. सिंचाइ संभाव्यता अध्ययन तथा अनुसन्धान कार्यक्रम, २. प्रणाली व्यवस्थापन तथा तालिम कार्यक्रम, ३. सिंचाइ संस्थागत विकास आयोजना, ४. निर्माण गुणस्तर परीक्षण प्रयोगशाला, ५. यान्त्रिक व्यवस्थापन कार्यक्रम, ६. भूमिगत जलस्रोत विकास केन्द्र

अहिले पनि बिभिन्न आयोजनाहरूबाट सिंचाइमा महत्वपूर्ण नतिजाहरू निस्किरहेका छन् । सिंचाइ विभागबाट सञ्चालित बिभिन्न आयोजना, कार्यक्रमहरूबाट सतह, साना तथा मझौला, भूमिगत, नयाँ प्रविधि, कृषक कुलो, दिगो ब्यवस्थापन सिंचाइ आयोजना वा कार्यक्रमबाट गत आर्थिक वर्षमा ३,२९,७२० को लक्ष्य भए तापनि अनेकन समस्याहरू र राष्ट्रिय संक्रमणको अवस्थाका बाबजुद २,९५,००० हेक्टर जमीनमा सिंचाइको प्रतिफल प्राप्त भएको छ । यो तथ्याङ्क राष्ट्रिय योजना आयोगको वार्षिक कार्यक्रम पुस्तिकामा समेत प्रकासित भइसकेको छ ।

सिंचाइको लक्ष्य हासिल गर्न र राष्ट्रले अपेक्षा गरेको सिंचाइ उद्देश्य परिपूर्ति गर्नका लागि सिंचाइ विभागले संचालन गरेका कार्यक्रम र आयोजनाहरू निम्न रहेका छन् :

**१. प्रणाली ब्यवस्थापन तथा तालीम कार्यक्रम** (SMTP)

सिंचाइको ब्यवस्थापन पक्षलाई सुदृढ गराउने, सिंचाइ प्रणालीको क्षमताबृद्धि गर्ने, मर्मतसंभार कार्यमा उपभोक्तालाई समेत उत्तरदायी बनाएरअख्तियार प्रदान गर्ने उद्देश्यले २०५२-५३ मा सुरुवात गरिएको यो कार्यक्रम उच्चतम सफलताका साथ सञ्चालित रहेको छ । यो कार्यक्रमले आशातीत प्रतिफल दिएको छ ।

**२. सिंचाइ संस्थागत विकास आयोजना** (IDSC)

यो आयोजना २०४५-४६ बाट सुरु गरिएको हो । सिंचाइ विभागको संस्थागत सपोर्टका लागि सुरु गरिएको यो आयोजनाले सन्तोषजनक रुपमा विभागको संस्थागत व्यवस्थापनमा मद्धत गरिरहेको छ ।

**३. सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना** (WRMP)

सिंचाइ सेक्टर आयोजनाहरूको फलोअन आयोजनाका रुपमा संचालित आयोजना हो यो । २०६९-७० सम्म यो आयोजना कायम रहने छ । यो आयोजनाले उपयोजनाहरको सामाजिक र वातावरणीय व्यवस्थापन योजना तयार गर्दै ६५ वटा सिंचाइ उपयोजनाहरू, भूमिगत सिंचाइतर्फका ३ वटा भूमिगत डीप ट्यूवेल क्लस्टरमा निर्माण र ३ वटा क्लस्टरमा विद्युतिकरण, २ वटा डीप ट्यूववेल क्लस्टरमा डिजेल पम्पलार्य विद्युतिकरण गर्न सघाइरहेको छ । यस आयोजनाका पश्चिमका ३ विकास क्षेत्रमा भूमिगत सिंचाइ सुविधा पुऱ्याउने, कन्काई, सुनसरी मोरङ्, नारायणी र महाकाली सिंचाइको व्यवस्थापन गर्ने, सिंचाइका संस्थागत र नीतिगत सहयोग गर्ने, बाली तथा जल ब्यवस्थापन गरी उत्पादन बृद्धिमा सहयोग गर्ने ४ कम्पोनेन्टहरू रहेका छन् ।

**४. सामुदायिक भूमिगत जल सिंचाइ सेक्टर आयोजना** (CGISP)

झापादेखि चितवनसम्मका तराईका १२ जिल्लामा १५ हजार स्यालो ट्यूववेल र ६० हजार हेक्टर भूमिमा सिंचाइ सुविधा पुऱ्याउने आयोजना हो यो । यो आयोजनाबाट सिंचित क्षेत्र बढ्न गई कृषि उत्पादनबृद्धि गर्न सहयोग पुगेको छ ।

**५. सिंचाइ संभाव्यता अध्ययन तथा अनुसन्धान कार्यक्रम :**

ठूला, साना, मझौला आयोजनाको पहिचान गर्ने, सम्भाब्यता अध्ययन गर्ने, डिजाइन गर्ने, गुरु योजना तयार गर्ने काम यो आयोजनाले गरिरहेको छ । यो आयोजनाले सिंचाइ विभागलाई ठूलो मद्धत गरिरहेको छ । यो आयोजनाले मध्यमाञ्चलको जीआईएस डाटाबेस तयार गरिसकेको छ । अन्य क्षेत्रको अध्ययन गरिरहेको छ ।

**६. निर्माण गुणस्तर परीक्षण प्रयोगशाला :**

सिंचाइमा प्रयोग हुने बिभिन्न निर्माण सामग्री र कार्यहरूको गुणस्तर मापन गर्ने उद्देश्यका साथ यो प्रयोगशाला सञ्चालन भइरहेको छ । यो आयोजनाको उपादेयता ज्यादा देखिएकाले पाँचै विकास क्षेत्रमा प्रयोगशाला स्थापना गरिएको छ ।

**७. यान्त्रिक ब्यवस्थापन कार्यक्रम :**

सिंचाइ विभाग अन्तर्गतका आयोजनाहरूमा रहेका हेभी यान्त्रिक साधन, मेशिनऔजार, सवारीहरूको ब्यवस्थापन र नयाँ आवश्यक यान्त्रिक साधनको पहिचान र मर्मत-खरिद ब्यवस्थापनका लागि यो कार्यक्रमले काम गरिरहेको छ ।

**८. समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना** (CMIASP)

पूर्वाञ्चल र मध्यमाञ्चलका ३५ जिल्लाका ग्रामिण भेगको आर्थिक बृद्धिदर बढाएर गरिबी न्युनिकरणमा सघाउ पुऱ्याउनु यो आयोजनाको प्रमुख उद्देश्य रहेको छ । गरिव, जनजाति र दलित मानवश्रोतको क्षमता विकास गर्ने र तिनको जीवनस्तर उकास्नकालागि सिंचाइ सेवाको विकास, बिस्तार, कृषि प्रसारलगायतका क्षेत्रमा यो आयोजनाले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । यो आयोजनाले यिनै ३५ जिल्लाका ८,५०० हेक्टर सिंचाइ विस्तार क्षेत्र गर्न कृषक व्यवस्थित सिंचाइ प्रणालीलाई सुदृढिकरण गरिरहेको छ ।

**९. भूमिगत जलस्रोत विकास केन्द्र :**

यो केन्द्रको मुख्य काम हाइड्रोजियोलोजिकल अध्ययन हो । यो आयोजनाले तराईका २० जिल्लामा वेल इन्भेन्टोरी, जलगुणस्तर मूल्यांकन, प्रभाव, अन्वेषणात्मक ट्यूववेल निर्माण र ग्राउण्ड वाटर मोनिटरिङ्जस्ता महत्वपूर्ण काम गर्दै आएको छ । यो आयोजनाले भूमिगत जल अनुगमन, पानीको आर्सेनिक मात्राको अध्ययन र भूमिगत जलको क्लस्टर पहिचान गर्ने उल्लेखनीय कामहरू गरिसकेको छ ।

**१०. भूमिगत स्यालो ट्यूववेल सिंचाइ आयोजना :**

यो आयोजना २०५४-२०७४ को २० वर्षे आयोजना हो । यो अवधिमा आयोजनाले ८,८०० स्यालो ट्यूववेल निर्माण गरी २२,००० हेक्टरमा र ५० वटा डिप ट्यूववेल निर्माण गरेर २,००० हेक्टरमा सिंचाइ सुविधा पुऱ्याउने लक्ष्य राखेर काम गरिरहेको छ ।

**११. भूमिगत डिप ट्यूववेल सिंचाइ आयोजना :**

डीप ट्यूववेल निर्माण गरेर सिंचाइ सुविधामा बृद्धि गरेर सिंचाइ विभागको लक्ष्य हासिल गर्नु यो आयोजनाको प्रमुख काम हो । ७२ भन्दा बढी ट्यूववेल निर्माण गरेर झण्डै ३ हजार हेक्टरमा सिंचाइ सुविधा पुऱ्याइसकेको छ यो आयोजनाले ।

**१२. डिप तथा स्यालो ट्यूववेल सिंचाइ आयोजना :**

झापा, सुनसरी, सप्तरी र सिरहामा २२ वटा डीप ट्यूववेल जडान गरेर ८८० हेक्टर भूमिमा बाह्रैमास सिंचाइ सुविधा उपलव्ध गराउने यो आयोजनाको लक्ष्य हो । आगामी वर्ष यो आयोजनाले लक्ष्य प्राप्ति गर्नेछ ।

**(बाँकी पाँच पेजमा)**

# The Bonus of Discredit

**I.A. Pansohta**

Kashmir is burning again with riots, long curfews, torturing Security Forces and incommunicado-detentions of the youths.

The history repeats itself as a vicious cycle that erupts like a volcano and then calms down after swallowing dozens or hundreds of, sons of soils and damsels. Here is third generation of traitors, descendants of Shar-e-Kashmir, Shiekh Abdullah to earn the bonus of discredit once again, with no beep on their conscience.

It is part of New Delhi's `off-again, on again' periodic strategy to bring to boil such crisis, time and again, to bleed them profusely, till they become fully exhausted and tamed or humbled down. One of the renowned Indian media tycoons Arun Shorie, in his latest issue of India Today has acknowledged the failures saying "With depressing regularity, Kashmir sinks into violent chaos just when you think it is getting better. For almost a month now, the streets of Srinagar and other cities have witnessed violence spiraling out of control as protesters have attacked security forces, setting on fire to the police stations, government building and vehicles. The toll is mounting; 46 people have died in 50 days"

His statement is an iota of fact. The reality is wraped in secrecy. What has been disclosed is just a face saving gimmick to hoodwink the world community. Neither the toll of casualty is correct nor is the time when crisis first erupted true. What goes on inside Kashmir is beyond anybody's guess. By imposing blackout on the media, New Delhi is busy in the target killings and the genocide of Kashmiris is beyond the reach of investigative reporting teams, as no HR or fact finding mission is allowed to visit the region under the curtain of internal affair, no third country arbitration or mediation acceptable and Kashmir is `Atootung' of India, least caring UN resolution, what the world community has prescribed for the people of Kashmir. But it is, might is right, that is there. No international player challenges them, why, God knows better.

By showering his praise upon Omar Abdullah, a political heir and a custodian of infamous tradition, he has played a dirty trick, which is unworthy of his status. He is Chief Minister of Jammu and Kashmir valley, who has not done any justice with the sentiments of the indigenous people. He has been idolized as `symbol of hope' but practically he is an `icon of dishonor and disgrace'. The young and dynamic, no doubt he is, but not as clean, as has been sculpted as sphinx. His political baggage is too heavy with all fishy things.

Again we honor the words of this great writer that "he promised a fresh approach to reconnect to the man in the street has fallen by the wayside as has the goodwill he earned initially. His air dashes to Delhi after every flare up reinforce the view that he is being remote controlled from Delhi... More than a security crisis, it is leadership crisis. Despite his dynastic credentials, Omar has come across as naïve and insulated from every day realities. Moreover, his ministers are barely visible and he himself hardly moves out of his office. His biggest failure is seen as his inability to show solidarity with those affected by the violence… Most notably the last generation youth who have grown up amid violence and have no jobs or future"

Again no body would dare to contradict his statement that violence in the valley has its own dynamics. There is no discounting the fact that `Pakistan is fishing in trouble waters… but can any body imagine a country attacked by invisible forces afford to look beyond its own security fences, as suicide bombers, foreign back insurgents, has tightened the noose around its neck, hardly leaving any space to reach the leaders to allure a celebrity like Syed Ali Geelani, whose feeble, frail and grown weary due to old age may play or afford to fan the flames of separatism. Similarly other leaders like Mirwaiz Umar Farooq too cannot think to have any connections with Pakistan under such tight security and so many risks lurking around. It is nothing, but poking fun on Islamabad.

At the same time, there is no dearth of traitors that play their innings on both sides to inflict all possible losses to the freedom movement. The real causes of the endemic crisis in Kashmir are known to every street guy. Indian Security Forces are tasked to unleash reign of terror, as part of the game. People react, violence escalates, the draconian law Armed Special Powers Act becomes the cause to inflict as many casualties, quench their blood thirsty desire. His words again echo `India stands for all good reasons'

And "India is largest democracy of the world" followed by a flurry of statement implicating Islamabad for infiltrating its saboteurs in the valley demand nothing but self-introspection. Is it all true, what he preaches? Does such twists and knots are worthy of an intellectual, who can see things better than others.

# Curfew, restrictions imposed in IHK

## Troops martyr 4 more innocent youth

Srinagar, (KMS): In Indian occupied Kashmir, the authorities have imposed strict curfew and other restrictions in Srinagar and other cities and towns following the killing of four innocent civilians in police firing at Palhalan in Pattan, yesterday. The four civilians including two teenagers were martyred and over a dozen others injured when the personnel of Indian police opened indiscriminate firing on protesters at Butt Mohalla in Palhalan.

Veteran Kashmiri Hurriyet leader, Syed Ali Gilani, who has been placed under house arrest in Srinagar by the occupation authorities, in a statement strongly denounced the civilian killings in Palhalan. He said that India could not suppress Kashmiris' liberation struggle through such tactics. The veteran leader called for a complete shutdown, tomorrow, to protest against the killings and appealed the people to observe the day as Prisoners' Day.

The APHC Chairman, Mirwaiz Umar Farooq, Agha Syed Hassan Al-Moosvi, Professor Nazir Ahmed Shawl, Farida Bahenji and other pro-movement leaders and organisations in their separate statements termed the killing of four civilians in Pattan as the worst form of Indian state terrorism.

On the other hand, Indian troops, during their fresh siege and search operation, martyred four more innocent Kashmiri youth in Nowshera area of Gurez. Earlier, two troopers were killed in an attack in the same area.

# चार परराष्ट्रमन्त्रीको वार

काठमाडौं / चार पूर्व पराष्ट्रमन्त्री के.पी. ओली, डा.प्रकाशचन्द्र लोहनी, डा.रामशरण महत र चक्र बास्तोलाले राष्ट्रसंघका महासचिव वान कि मुनको अभिव्यक्तिलाई आपत्तिजनक ठहर गर्दै पत्र लेखेका छन् । महासचिव मुनको पछिल्लो प्रतिवेदनमा विधिवत गठित सरकारसँग आवश्यक छलफलका लागि अनमिनको वर्तमान कार्यदिशालाई निरन्तरता दिन सिफारिस गर्छु, भन्ने विषयमा चारै पूर्व परराष्ट्रमन्त्रीले आपत्ति प्रकट गरेका हुन ।

चारै पूर्व परराष्ट्रमन्त्रीले पूर्व लडाकू र राष्ट्रिय सेनाको हैसियत बराबर होइन भनेका छन् । वर्तमान कामचलाउ सरकार पनि विधिवत सरकार हो भन्ने उनीहरूको दावी छ । यो सरकारको वैधानिकता माथि प्रश्न उठाउन उचित छैन भन्दै उनीहरूले नेपाल सरकारको सम्मान गर्न आग्रह गरेको छन् । चारैजना पूर्व परराष्ट्रमन्त्रीहरूले महासचिव मुनबाट प्रतिवेदनमा सुधार हुने आशा समेत गरेको छन् ।

स्मरणीय के छ भने महासचिव मुन र अनमिन प्रमुख लेन्डग्रेनले लडाकू र राष्ट्रिय सेनालाई समान दर्जामा राखेर व्यवहार गर्ने गरेका छन् । यो दृष्टिकोण प्रति नेपालमा व्यापक आलोचना भइरहेको छ । यसैबीच सरकारले यथास्थिति कामय राख्दै अनमिनको म्याद ४ माहिना थप्न राष्ट्रसंघमा चिट्ठी पठाएको छ । – ***लक्ष्मण घिमिरे प्रशिक्षार्थी***


विश्व हिन्दु महासंघको अनुरोध

हिन्दु, हिन्दुत्व र हिन्दु राष्ट्रको रक्षाका लागि समस्त हिन्दुहरू ओमकार परिवार एक हौं ।

विश्व हिन्दु महासंघ

केन्द्रीय कार्यालय : बाँसबारी, काठमाडौं
फोन : ४३७०३२२

तेलको थोपा-थोपा जोगाऔं
इन्धन खर्च घटाऔं ।

नेपाल आयल निगम लि.
बबरमहल, काठमाडौं

# नेपालमा सिंचाई...

**१३. सुर्खेत उपत्यका सिंचाइ आयोजना :**

सुर्खेतको कृषियोग्य ३२५० हेक्टर भूमिमा सिंचाइ सुविधा पुऱ्याउने आयोजना हो यो। यही वर्ष काम थालेर अर्को वर्ष लक्ष्य पुरा गर्ने आयोजनाको उद्देश्य रहेको छ।

**१४. मर्मत संभार आयोजनाहरू :**

निर्माण पुरा भएका कुनै पनि सिंचाइ आयोजनाको उपादेयतालाई दीर्घकालीन स्वरुप प्रदान गर्न यो आयोजना थालिएको हो। सिंचाइ प्रणालीहरूको मर्मत सम्भार नियमित रुपमा यो आयोजनाले गरिरहेको छ।

**१५. बृहद सिंचाइ योजनाको पुनर्स्थापना :**

यसले बृहद सिंचाइ योजनाको पुनर्स्थापनाको अध्ययन रिपोर्ट तैयार गर्ने कार्य गर्छ।

**१६. नारायणी सिंचाइ आयोजना :**

बारा, पर्सा र रौतहटको ३७,४०० हेक्टर भूमिमा सिंचाइ सुविधा पुऱ्याउने आयोजना हो यो। यस क्षेत्रका कृषकहरूको जीवनस्तर उकास्नका लागि नारायणीमा ब्यारेज निर्माण गरेर यो बृहद सिंचाइ आयोजना सञ्चालित रहेको छ।

**१७. बागमती सिंचाइ आयोजना :**

सर्लाहीको १४,००० र रौतहटका २३,००० हेक्टरमा सिंचाइ सुविधा उपलब्ध गराउने उद्देश्यले यो आयोजना सुरु गरिएको हो। यो आयोजनाका प्रतिफलहरू पनि आउन थालेका छन्। थप कमाण्ड क्षेत्र निर्धारित भएका छन् र यसबाट ४५,६०० हेक्टरमा व्यवस्थित सिंचाइ हुने लक्ष्य राखिएको छ।

**१८. बबई सिंचाइ आयोजना :**

बबई नदीमा बाँध बनाएर बर्दियाको १३,२०० हेक्टरमा सिंचाइ सुविधा पुऱ्याउने उद्देश्य बोकेको यो आयोजनाले झण्डै १० हजार हेक्टरमा संचाइ सुविधा पुऱ्याइसकेको छ। यो आयोजना आगामी आर्थिक वर्षमा सम्पन्न हुने लक्ष्य राखिएको छ।

**१९. महाकाली सिंचाइ आयोजना :**

महाकाली नदीको पानीलाई उपयोग गरेर सिंचाइ सुविधा उपलव्ध गराउन थालिएको यो आयोजनाको तेश्रो चरणको काम सुरु भएको छ। पहिलो चरणमा४,८०० र दोश्रो चरणमा ६,८०० हेक्टर सिंचित क्षेत्र बनाइसकेको यो आयोजनाको तेश्रो चरणमा ३२,००० हेक्टरमा सिंचाइ सुविधा पुऱ्याउने लक्ष्य राखेको छ।

**२०. सुनसरी मोरङ सिंचाइ आयोजना (तेश्रो चरण) :**

पहिलो र दोश्रो चरणमा ९,७५० र १६,७०० हेक्टरमा सिंचाइ सुविधा पुऱ्याइसकेको यो आयोजनाले यसको सुरुको ६८,००० हेक्टर कृषियोग्य जमीनमा सिंचाइ पुऱ्याउने लक्ष्यतिर काम गरिरहेको छ। यो आयोजना अत्यन्तै महत्वाकांक्षी र कृषि क्रान्तिका लागि महत्वपूर्ण आयोजना मानिएको छ।

**२१. प्रगन्ना तथा बड्कापथ सिंचाइ आयोजना :**

दाङको देउखुरी उपत्यकाको ६, ४०० हेक्टर भूमिमा सिंचाइ सुविधा पुऱ्याउने यो योजना सम्पन्न हुने स्थितिमा पुगेको छ। वर्षैभरि भरपर्दो सिंचाइ सुविधा हुने भएकाले यो क्षेत्रको कृषिमा ठूलै परिवर्तन आउने विश्वास लिन सकिन्छ।

**२२. सिक्टा सिंचाइ आयोजना :**

बाँकेको अगैयामा राप्ती नदीमा बाँध बाँधेर राप्तीका ३४ गाउँ र बाँकेको ३३,७६६ हेक्टरमा सिंचाइ सुविधा पुऱ्याउन योजनासहित यो आयोजना सुरु भएको हो। आगामी वर्ष सम्पन्न हुनसक्यो भने ३५,५६६ हेक्टर भूमि सिंचाइ सुविधा सम्पन्न हुनेछ।

**२३. नयाँ प्रविधिमा आधारित सिंचाइ आयोजना :**

कृषियोग्य अथवा बर्गीकृत गर्न नसकिने अवस्थाका जमीनमा परम्परागतभन्दा पृथक प्रविधिको उपयोग गरेर सिंचाइ सुविधा पुऱ्याउने सिंचाइ नीति र दशौं योजनाको उद्देश्यअनुरुप यो सिंचाइ आयोजनाको सुरुवात गरिएको हो। २०६० मा सुरु गरिएको यो योजनाले पाँचै विकास क्षेत्रमा नमूना योजना सम्पन्न गरेको छ। सिंचाइ सुविधामा पनि योगदान दिएको छ।

**२४. साना तथा मझौला सिंचाइ आयोजना :**

पहाडमा ५ सय हेक्टरसम्म, तराईमा २ हजार हेक्टरसम्मका मझौला सिंचाइ आयोजना र अन्य साना सिंचाइ आयोजनाहरू संचालन गर्न यो कार्यक्रम ल्याइएको हो। ७ वर्षदेखि चालु यो आयोजना अहिले पनि चालु नै रहेको छ। यो आयोजनाले १०४ वटा उपयोजना सम्पन्न गरेर ५,७०० हेक्टरमा थप सिंचाइ सुविधाको योगदान दिएको छ।

**२५. दरौंदी–पालुङटार सिंचाइ (नदी नियन्त्रण) आयोजना :**

नदी नियन्त्रण गर्ने र साथसाथै सिंचाइको सम्भाब्यतालाई मूर्त रुप दिएर बिपन्न उपभोक्ता किसानको आयआर्जनमा सघाउने उद्देश्यले २ वर्ष अघि यो आयोजना सुरु गरिएको हो। नदी नियन्त्रण गर्ने कार्य सुरु भइसकेको छ।

**२६. कर्णाली अञ्चल सिंचाइ विकास कार्यक्रम :**

कर्णाली अञ्चलका ५ जिल्लामा सिंचाइ आयोजनाको पुनर्स्थापन गर्ने र नयाँ निर्माण गर्ने उद्देश्य यो कार्यक्रममा अन्तर्निहित छ। २०६५ मा सुरु यो कार्यक्रमले योजनाको कार्य संचालन समेत गरिसकेको छ।

**२७. सेती महाकाली सिंचाइ विकास कार्यक्रम :**

२०६५ सालमा सेती र महाकाली अञ्चलमा सिंचाइ योजनाहरको पुर्नस्थापन र नयाँ निर्माण गर्न यो कार्यक्रम संचालन गरिएको हो। यो कार्यक्रम अन्तर्गत ८ योजनाहरू कार्यान्वयन हुन थालेका छन्।

**२८. रानी, जमरा कुलरिया सिंचाइ आयोजना :**

कैलालीको २० हजार हेक्टर जमिनमा सिंचाइ सुविधा पुऱ्याउने योजना हो यो।

**२९. भेरी बबई डाइभर्सन आयोजना :**

भरी नदीको पानीलाई ११ किलोमिटर लामो सुरुङ मार्फत बबई नदीमा खसालेर बर्दिया जिल्लाको ४६ हजार हेक्टर भूमि सिंचित गर्न यो आयोजना थालिएको हो। यो आयोजना सम्पन्न भएपछि ४८ मेगावाट बिद्युत पनि उत्पादन हुनेछ।

**३०. बाढीजन्य क्षति पुनःनिर्माण आयोजना :**

कैलाली, कञ्चनपुर र सुनसरी जिल्लाका कृषि, सिंचाइ, सडक र खानेपानी तथा ढल निकासतर्फका संरचनाहरको पुनःनिर्माण गर्न यो आयोजना थालिएको हो।

उपरोक्त सबै आयोजना र कार्यक्रमहरूमा नेपाल सरकार र बेदेशिक दातृसंस्था तथा राष्ट्रहरूको विशेष सहभागिता रहेको छ।

**भविष्य :**

**सिंचाइको नीति तथा कार्यक्रम**

नेपालमा सिंचाइको विकास संस्थागत रुपमा वि.सं. २००९ सालमा नहर विभागको स्थापना पश्चातः शुरु भएको हो भने २०१३ सालदेखि शुरु गरिएको प्रत्येक आवधिक योजनाले सिंचाई विकासलाई प्राथमिकता प्रदान गर्दै आएको छ। कृषि क्षेत्रले देशको कुल ग्राहस्थ उत्पादनको करिव ३५ प्रतिशत ओगटेको र ७६ प्रतिशत रोजगारी प्रदान गर्ने हुँदा कृषि उत्पादनको बृद्धि मार्फत ग्रामीण क्षेत्रमा आश्रित जनसंख्याको आयमा बृद्धि ल्याउन तथा देशको खाद्य सुरक्षाको दृष्टिकोणले समेत कृषि क्षेत्रको विकास अपरिहार्य छ। नेपाल सरकारले कृषि उत्पादनमा बृद्धि ल्याउने प्रमुख साधन संचाइको विकासलाई प्राथमिकता दिदै आएको छ। यसको लागि सिंचाइ मन्त्रालय अन्तर्गतको सिंचाइ विभाग सक्रिय रुपमा कार्यरत रहेको छ। उक्त उद्देश्य हासिल गर्न प्रथम योजनादेखि हालसम्म समय सापेक्ष नीतिगत परिवर्तन गर्दै आएको छ। समग्रमा हेर्दा पहिलो योजना देखि पाँचौं आवधिक योजनालाई भहतभलकष्खभ विकासको अवधारणामा आधारित नीति र त्यसपछिको आवधिक योजनाहरूमा ष्लतभलकष्खभ विकास तथा सहभागितामूलक सिंचाइ विकासका अवधारणा आत्मसात गरिएको छ।

**सिंचाइ विकासका लागि अँगालिएको नीति एवं कार्यक्रम निम्नअनुसार रहेको छ :**

- जनसहभागितामा आधारित सिंचाइ विकास र व्यवस्थापन प्रमुख नीति रहेको छ। यस नीति अनुरुप सिंचाइ प्रणालीको निर्माणमा कृषकहरूको कुल लागतको ३-१० प्रतिशतसम्म स्रोत परिचालन गर्ने बाँकी लगानीको अंश राज्यले अनुदान दिँदै आएको छ भने सिंचाइ प्रणालीको व्यवस्थापनको लागि आवश्यक सम्पूर्ण स्रोत कृषकबाट सेवा शुल्क संकलन मार्फत परिचालन गर्ने नीति लिइएको छ।
- साना तथा मझौला सिंचाइ आयोजनाहरूको निर्माण अवधि कम हुनाका कारण यी योजनाहरूबाट कम समयमै प्रतिफल प्राप्त हुने हुँदा यस्ता योजनाहरूलाई प्राथमिकता दिइएको छ।
- नेपालमा नवीकरणीय भूमिगत जलस्रोतको भण्डार पर्याप्त रहेकोले स्यालो ट्युववेल मार्फत कम लगानी र कम समयमा सिंचाइ सेवा उपलब्ध गराउने प्रमुख उपायको रुपमा लिइएको छ।
- पानीको स्रोत सानो भएको वा नगदेबाली उत्पादनका लागि बजार उपलब्ध भएको वा सीमान्तकृत कृषकहरूको थोरै जमिनमा सिंचाइ सेवा उपलब्ध गराउने उद्देश्यले नयाँ प्रविधिमा आधारित सिंचाइ प्रणालीको विकास गरिएको छ।
- सरकारबाट निर्मित ठूला तथा बृहत सिंचाइ प्रणालीको व्यवस्थापनमा उपभोक्ता समितिहरूलाई संलग्न गराई संयुक्त व्यवस्थापनको अवधारणा अनुरुप कार्यक्रम संचालन गरिएको छ।
- साना तथा मझौला सिंचाइ प्रणालीको व्यवस्थापन र मर्मत संभारको ज्म्मिेवारी उपभोक्ता कृषकहरूलाई नै दिने नीति लिइएको छ।
- वर्षैभरि सिंचाइ पानी उपलब्ध गराउन ठूला नदीहरूको पानी अन्य मझौला वा साना नदीहरूमा divert गर्ने र जलाशयमुक्त बहुउद्देश्यीय योजनाहरूको अध्ययनलाई तीब्रता प्रदान गरिदै आइएको छ।

नेपाल सरकारले वर्तमानमा उपरोक्त नीति र कार्यक्रम अँगालेको भएता पनि हालसम्म देशको कृषियोग्य भूमिको ५० प्रतिशत भन्दा पनि कम जमीनमा सिंचाइ सेवा उपलब्ध भएको छ भने कुल कृषि योग्य जमीनको २५ प्रतिशत भूभागमा मात्र बर्षैभरि सिंचाइ सेवा उपलब्ध गराउन सकिएको छ। यसप्रकार सिंचाइ विकासलाई प्राथमिकता प्रदान गरिदै आएको भएता पनि यस क्षेत्रमा आशातित उपलब्धि हुन नसक्नुमा सिंचाइका केही आफ्नै तथा cross cutting issues हरूलाई पर्याप्त सम्बोधन गर्न नसक्नुमा प्रमुख कारण रहेका छन्। कृषि र सिंचाइको co-ordination को अभाव, पर्वाधारको कमी, उत्पादनको बजार व्यवस्थापनमा कमजोरी, जमीनको वितरण, जमीनको उपयोग सम्बन्धी ठोस नीतिको अभाव, विकेन्द्रीकरणलाई व्यवहारमा लैजान जनशक्ति र स्रोत साधनको अभाव आदि अचयकक अगततष्लन issues हरूलाई राज्यले सम्बोधन गर्न नसक्नुका साथै कुल ग्राहस्थ्य उत्पादनमा ३५ प्रतिशत हिस्सा आगटेको भएता पनि कृषि क्षेत्रमा सरकारले सोही अनुपातको आधा भन्दा पनि कम लगानी गर्नु सिंचाइ तथा कृषि क्षेत्रको विकास नहुनुका प्रमुख कारणहरू हुन्। आगामी दिनहरू उपरोक्त अचयकक अगततष्लन issues का साथै राज्यले संचाइका लागि लगानी बढाउँदै सिंचाइ सम्बन्धी निम्न नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

- सतहमा वा जमीनमुनि उपलब्ध पानीका साथै वर्षाको पानीलाई समेत पानीको स्रोतको रुपमा लिई उक्त स्रोतको व्यवस्थापन गर्ने गरी नेपालको प्रत्येक कृषि योग्य जमनीनमा बाह्रै महिना सिंचाइ उपलब्ध गराउन पहाड र तराईमा उपयुक्त प्रविधिको विकासमा जोड दिइने छ। यस अन्तर्गत जलाशय, इन्टरवेसिन ट्रान्सफर आयोजना देखि वर्षाको पानी संकलन गर्ने पोखरी, लिफ्ट सिंचाइ आदि प्रविधिको उपयोग एवं कार्यान्वयनमा ल्याइने छ।
- साना तथा प्राविधिक रुपमा जटिल नभएका योजनाहरूको कार्यान्वयन एवं व्यवस्थापन कार्यलाई राज्यको सबैभन्दा तल्लो निकायमा पुऱ्याई सिंचाइ विकास कार्यलाई व्यापकता दिइनेछ।
- सिंचाइबाट लाभान्वित हुँदा कृषकको आयमा बृद्धि हुने हुँदा उक्त बृद्धि हुने आयबाटै सिंचाइ प्रणालीको मर्मत संभारका लागि आवश्यक स्रोतको परिचालन गर्ने सिद्धान्तको कार्यान्वयनलाई प्रभावकारी बनाइने छ।
- स्यालो ट्युववेलको प्रविधिलाई अझ कम मूल्यमा भौगर्भिक अवस्था अनुरुप व्यापकता, निर्माण सामाग्री एवं पम्पमा सरकारी शुल्कमा छुट आदिको व्यवस्था गर्दै नीजि क्षेत्रलाई समेत आकर्षित गराउँदै ट्युववेल जडान कार्यलाई अत्यन्त सर्वसुलभ बनाइने छ।
- सिंचित क्षेत्र घोषणा गरी कार्यान्वयनका लागि ऐनको व्यवस्था गरिने छ।
- सिंचाइ विकास तथा व्यवस्थापन गर्ने गरी छुट्टै ऐन र नियमावली बनाइने छ।
- जनशक्ति विकासका लागि तालिम तथा उच्च शिक्षा अध्ययनलाई प्राथमिकता दिइने छ।
- अनुसन्धान तथा प्राविधिक विकासमा जोड दिदै सिंचाइ अनुसन्धान संस्थानको स्थापना गरिने छ।
- बहुउद्देश्यीय आयोजना कार्यान्वयनबाट प्राप्त हुने विद्युतको आम्दानी व्यवस्थापन एवं सिंचाइ प्रणालीहरूको मर्मत तथा संभारका आवश्यक रकमको परिचालनका लागि एउटा बोर्डको स्थापना गरिनेछ।
- बिगतमा निर्माण भएका ठूला-बृहद सिंचाइ प्रणालीहरूका संरचनाहरूको पुनःर्स्थापनाका साथै अयलवगलअतष्खभ गकभ लाई समेत प्रभावकारी कार्यान्वयन गरी पानीको उपयोगको भ्याष्अष्भलअथ मा सुधार गर्दै थभबच चयगलम irrigation को व्यवस्था गरिने छ।
- सिंचाइको गुरु योजनालाई सूचना प्रविधिको उपयोग गर्दै पुनरावलोकन गरिनेछ र नेपालको प्रत्येक कृषियोग्य भूमिमा सिंचाइको अवस्थाको जानकारीमा सर्वसाधारणको पहुँच हुने व्यवस्था गरिनेछ।
- सिंचाइ व्यवस्थापन कार्यलाई जनसहभागिता मूलक एवं आधुनिकीकरण गरिने छ।

**राष्ट्रले निर्धारित गरेको राष्ट्रिय जलस्रोत रणनीतिअनुसार सन २००७, २०१७ र २०२७ सम्मका लागि ३ चरणको लक्ष्य निर्धारित गरेको छ। जसमध्ये आगामी ७ वर्षभित्र अर्थात सन २०१७ भित्र हासिल गर्न निर्धारित लक्ष्यहरू–**

१. ५ हजार हेक्टर सिंचित क्षेत्र व्यवस्थित गर्नसक्ने उपभोक्ता समिति तयार गर्ने। २. सिंचित क्षेत्रको दुइ तिहाइ भागमा वर्षैभरि सिंचाइ सुबिधा उपलब्ध गराउने। ३. सिंचित क्षेत्रको बाली उत्पादन १२५ प्रतिशतले बढाउने। ४. कमाण्ड क्षेत्रको प्रभावकारिता ८० प्रतिशतले बढाउने। ५. सिंचाइ सेवा शुल्क २० प्रतिशतले बढाउने।

२०८५ अर्थात सन २०२७ सम्मको समयसीमा भित्र सम्पन्न गर्नुपर्ने सिंचाइको लक्ष्य यसप्रकार रहेको छ : १. बाली सघनता २५० प्रतिशतले बढाउने। २. सिंचित क्षेत्रको ९० प्रतिशत क्षेत्रमा सिंचाइ शुल्क उठाउने। ३. सिंचाइ प्रणालीको प्रभावकारिता ६० प्रतिशतले पुऱ्याउने। ४. कमाण्ड क्षेत्रको प्रभावकारिता शतप्रतिशत पुऱ्याउने।

### टेप छोप्न...

सूचनाअनुसार यो टेप भारतको संसददेखि बेलायत र अमेरिका सरकारको टेबुलसम पनि बजेको छ। नेपाललाई यसरी नाङ्गे झार पार्ने टेप प्रकरणको छानविनको सम्बन्धमा नेपाल सरकार चुँसम्म बोलेको छैन। आफूलाई अप्ठेरो पर्ने भएकाले माओवादी पदाधिकारी बैठकले आफैंले छानवि गर्ने निर्णय गरेको छ। यो टेप प्रकरणलाई माओवादीले राजनीतिक षड्यन्त्र भनेर प्रचार गरिरहेको छ।

### पार्टी र...

कारबाही गर्न सक्छ ? कानून निर्माताहरू अपराधी बनेको देशमा कानूनले होइन, बाहुबलीको बोलबाल हुन्छ। नेपाल, नेपाल सरकार, संविधानसभा बाहुवली अखडा बनिसकेको छ।

विश्वको मान्यता हो अपराधीको ठाउँ जेलमा हुन्छ। नयाँ नेपालको मान्यता बनेको छ अपराधीको ठाउँ सरकार र संविधानसभा हो। पार्टीका नेता, सभासद् आफूलाई नागरिक भन्दा ठूलो जनावर ठान्छन् र हिंस्रक बनेका छन्। हिंस्रक जनावरले खुला छुट पाएको लोकतन्त्र जनवारतन्त्र मात्र हुन्छ।

नेपालको जनावरतन्त्रका कारण हत्या, हिंसा, अपहरण, लूट भ्रष्टाचार कुशासन व्याप्त भएको छ। एउटा प्रधानमन्त्री छान्न नसक्ने बाहुबली अपराधीहरूलाई ग्लानी बोध र लज्जाबोधसमेत भएको देखिन्न। कर्मचारी पिट्न, वेश्यालय भट्टी र जुवा खालबाट समातिंदै अब हत्या भ्रष्टाचारमा डामिएका सभासद्हरूले नैतिकहीनताको पराकाष्ठ नाघेर संविधानसभालाई अपराधीको अखडा बनाएका छन्।

### आठौं...

र अराजकता बढाउने जिम्मवार यी दुई प्रचण्ड र पौडेल किन निकास निकाल्न सहमत छैनन् ? किन संविधानसभाका अन्य दलहरू मतदान गरेर थाक्दैनन् ? किन यति असक्षम संविधानसभा विघटन गरेर ताजा जनादेशमा जाने हिम्मत गर्दैनन्। यो आश्चर्यपूर्ण परिदृश्य बन्न पुगेको छ।

### सभामुखकै...

अधिकार प्रदान गरेको छ। सभामुखले चाहेको खण्डमा नियमावलीमा आएका बाधा अड्चन फुकाउन सक्ने अधिकार सभामुखलाई भएपनि सभामुख सुभाष नेम्वाङ्ग अहिले ति अधिकारहरू प्रयोग गर्न चाहिरहेको छैनन्। सभामुख बन्नु अघि उनी नेकपा एमालेसँग आवद्ध रहेका र पछि पनि नेकपा एमालेसँगै आवद्ध हुने भएकाले हुनाले एमालेकै निर्देशनमा उनले आफूले पाएको अधिकार प्रयोग गर्न नखोजेको आरोप सभामुखमाथि लाग्ने गरेको छ। सभामुख नेम्वाङ्गले चाहेको खण्डमा संविधानसभा निमावली र व्यवस्थापिका संसद्को नियमावली दुई मिनेट भित्रैमा निलम्वन हुनसक्छ। संविधानसभामा उपस्थित भएका सबै दलहरूले अनिवार्य रुपमा संसदमा मतदान गर्नु पर्ने प्रवाधान सभामुखले लागू गराउन सक्छन्। यदि त्यो भएको खण्डमा मुलुकले एक घण्टा भित्रमात्र नयाँ प्रधानमनत्री पाउन सक्छ। तर नेम्वाङ्ग त्यसो गर्न तयार छैनन् किन ? नेकपा एमालेका अध्यक्ष झलनाथ खनालका प्रधानमन्त्री बन्ने सपना साकार पार्नको लागि सभामुख नेम्वाङ्ग हतियारकोरुपमा प्रयोग भएपनि स्वयं माओवादीले खनाललाई प्रधानमन्त्री स्वीकार नगर्ने अवस्था आएपछि नेम्वाङ्ग आफैं प्रधानमन्त्री हुने कसरतमा लागेर संविधानसभा र व्यवस्थापिका संसदलाई अनिर्णयको बन्दी बनाउन सक्रिय भएका छन्। तिन ठूला दलहरूका तिनै नेताहरू प्रधानमन्त्रीका लागि एक अर्का दलले स्वीकार गर्न नसकेको अवस्थामा नेम्वाङ्गले च्याँखे थाप्ने दाउमा लागेर मुलुकलाई सरकार विहिन र अनिर्णयको बन्दी बनाएको आरोप लाग्न थालेको छ।

### सभासद्हरु...

अहिले पछिल्लो क्रममा एकीकृत नेकपा माओवादीका सभासद् ज्यान मारेको अभियोगमा सम्मानित सर्वोच्च अदालतबाट सर्वस्व सहित जन्मकैदको मुद्दा खेपिरहेको छन्। यसरी समाज र जनतालाई बाटो देखाउने व्यक्तिहरू नै तिनै जनताका विरुद्ध उभिएर तिनै जनतालाई दवाव दिन थालेका हुनाले सभासषप्रति जनाताको नकारात्मक भावना उत्पन्न भएको छ। नेपालीमा एउटा उखान छ 'जो अगुवा उही बाटो ..... यस्तो उखानलाई हाम्रा सभासद्हरूले राम्ररी चरितार्थ गरेको हुनाले यस्ता व्यक्तिहरूबाट बनाइने संविधान कस्तो होला अहिलेको प्रमुख सवाल भनेको यहि हो।

संविधानसभाका सदस्यहरूले अपराध गरेको खण्डमा के उनीहरूलाई सबै खत माफ हुन्छ त ? अस्ती भरखरै मात्र नेपाली कांग्रेसका सभासद् ट्रेड युनियनका अध्यक्ष जुवा घरमा प्रहरीको नियन्त्रणमा परे यसले गर्दा संविधानसभाका सदस्यहरूको गरिमा बढ्यो कि घट्यो ? संविधानसभाका नेता भनेका संविधानसभाका अध्यक्ष सुभाष नेम्वाङ्ग नै हुन नेताले आफ्ना कार्यकर्ता खुल्मखुल्ला असनका छाडा राँगो जस्तो बेलगाम छोडिदिंदा उनीहरूले आफूलाई कानून नलाग्ने र संविधानभन्दा माथि भएको सम्झने प्रवृतिले गर्दा कालान्तरमा त्यसले दलहरूलाई नै घाटा पर्ने भएको हुनाले आफ्ना छाडा सभासद्हरूलाई दलहरूले र सविधानसभाले कारबाही गर्नुपर्ने चर्चा चलन थालेको छ।

### राजधानीमै...

जोडेका छन्। पूर्व राजाको विराटनगर मुकाम राखेर हुन लागेको पूर्वाञ्चलका देवदेवी पीठहरूको भ्रमणमा विरोध जनाउन माओवादीले समिति समेत गठन गरेको छ।

पूर्व राजापरिवार आजकल जुनसुकै मन्दिर पुगेपनि अपरा जनताको भीड लाग्ने गरेको छ। राजनीतिबाट बाक्क भएर जनताले राजतन्त्र र हिन्दूधर्म पुनस्थापनाको माग गर्न थालेका छन्। पूर्व राजापरिवार प्रति जनताको अकस्मात बढेको आकर्षणप्रति राजनीतिक दलहरू झस्कि सकेका छन्। संविधानसभा संसद शान्ति र संविधान दिन होइन प्रधानमन्त्री चुन्नसमेत असफल भएको सन्दर्भमा आम जनतामा दलहरूप्रति र लोकतन्त्रप्रति नै निरासा बढेको देखिएको छ।

### झलनाथको...

माओवादी, नेपाली कांग्रेस र नेकपा एमालेको सहयोग र समर्थन विना कोही पनि प्रधानमन्त्री बन्न सक्ने अवस्था छैन। नेपाली कांग्रेसको नेतृत्वमा सरकार बन्नका लागि नेकपा एमालेसहित संयुक्त मधेशी मोर्चाका मधेशवादी दलहरूले समर्थन जनाउनु पर्ने अंक गणीतिय खेल बुझेका एमाले अध्यक्ष झलनाथ खनालले एमालेले कांग्रेसलाई कुनैपनि हालतमा समर्थन नगर्ने अडान राखेपछि मधेशवादी दलहरूले बाध्य भएर माओवादीका उम्मेदवार पुष्पकमल दाहाललाई समर्थन जनाउनु पर्ने बाध्यता प्रष्ट भएको छ। एकीकृत नेकपा माओवादीका उम्मेदवार दाहाललाई मधेशवादी दलहरूले समर्थन गरेको खण्डमा माओवादीको नेतृत्वमा बहुमतीय सरकार बन्न सक्छ। तर नेपाली कांग्रेस प्रति लचिलो हुँदा हुँदै पनि मधेशवादी दलहरूले मात्र समर्थन गरेको खण्डमा कांग्रेसको नेतृत्वमा सरकार बन्न सक्ने अवस्था छैन। नेकपा एमालेको समर्थन नेपाली कांग्रेसलाई अनिवार्य छ, त्यो गणीतिय खेल बुझेरै एमाले अध्यक्ष झलनाथ खनालले आफ्नो पार्टीलाई तटस्थ राखेर मधेशवादी दलहरूलाई माओवादीको नेतृत्वलाई समर्थन गर्न बाध्य पार्ने रणनीतिअनुसार अगाडि बढेको आरोप एमालेभित्रैबाट लाग्ने गरेको छ।

संसदीय दलका नेता आफू हुँदा हुँदै निर्वाचनमा पराजित भएका माधवकुमार नेपाल नेपाली कांग्रेसको सहयोगमा प्रधानमन्त्री भएपछि त्यसैको रिस फेर्नका लागि खनाल अहिले खुलेर माओवादीका पछि नगालेपनि घुमाउरो बाटोबाट प्रधानमन्त्री बन्न मओवादीलाई सहयोग गरिरहेका छन्। पार्टीको चुनावमा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले सहयोग गरेकै कारण खनाल एमाले अध्यक्ष बन्न सफल भएका थिए, त्यही गुण तिर्नका लागि उनी अहिले घुमाउरो बाटो मार्फत् दाहाललाई प्रधानमन्त्री बनाउनको लागि तटस्थको नाटक मञ्चन गरेको बुद्धिजिवीहरूको ठहर रहेको छ। यसरी मुलुकलाई अनिर्णयको बन्दी बनाएर विदेशीहरूको स्वार्थ पूर्ति गराउने दलालहरूका कारण स्वाभिमानी नेपाली जनतामा ठूलो चोट पुगेको छ।

### कांग्रेसीहरुले...

कांग्रेस, ...अब त्यो कित्ताबाट मुक्त हुन सक्ला, कांग्रेस ? कोइरालाको विर्ताबाट भर्खर उन्मूक्ति पाएको कांग्रेस र कांग्रेसीहरूले अहिले जसरी रुपान्तरणको चर्चा गरिराखेका छन्, के त्यो रुपान्तरण राष्ट्रवादको दिशा तिर जान सक्ला ? र आम नेपालीहरूका माझ राष्ट्रघात गर्नेमा नेपाली कांग्रेस एक नम्बरको राजनीतिक दल हो भन्ने जुन छाप परेको छ (जुन धेरैहदमा सही पनि हो) त्यो छाप भेटाउन अब आउने नयाँ नेतृत्वले सक्ला, पहल गर्ला ? अब नेपाली जनताहरूलाई आकर्षित गर्न राष्ट्रवाद बाहेक अरु कुनै मुद्दा छैन। प्रजातन्त्र (लोकतन्त्र) को नाममा कायम यो भाँडतन्त्रलाई संस्थागत गर्ने कुरामा नेपाली जनता सहमत छैनन् र हुँदैनन् पनि। अब आकर्षित गर्ने भनेको राष्ट्रवादले नै हो। त्यसकारण अब आउने नयाँ नेतृत्वले त्यसतिर जोड गरे पार्टीलाई फाइदा होला। नत्र भने प्रजा परिषद् र नेपाली राष्ट्रिय कांग्रेसको नियती भोग्नु पर्ला। कसो ? बाह्रौं महाधिवेशनको सफलताका लागि शुभकामना।

### मधुर वाणी

तिमीले संग्रह गरेको धन तिम्रो होइन,
तिमीले दिएको धन साँच्ची नै तिम्रो हो।

✦✦✦

दिन सिक, लिन होइन सेवा गर्न सिक, शासन गर्न होइन।

✦✦✦

प्रार्थना गर्ने ओठहरू भन्दा सेवा गर्ने हातहरू पवित्र हुन्छन्।

– श्री सत्य साईबाबा

# अचेत अवस्थामा फेला परे चुडाल

६ दिनअघि अपहरित ग्रामीण प्राविधिक केन्द्र ललितपुरमा कार्यरत इन्जिनियर महेन्द्र चुडाल हात खुट्टा बाँधेर चितवनको नारायणी पुलमा फालिएको अवस्थामा २३ गते राति ३ बजे प्रहरीले फेला पारेको छ। भदौ १८ गते शंखमूलबाट अपहरणमा परेका चुडालको खोजी गर्न प्रहरी परिचालन गरिएको थियो। चुडालको



अपहरणको कारणबारे अपहरणकारीले कुनै सम्पर्कसमेत नगरेको र चुडालले प्रयोग गरेको बा.३५ प ४७७४ नम्बरको मोटरसाइल अझै फेला नपरेकोले घटनालाई थप रहस्यमय बनाएको छ। – ***सविना तुलाधर प्रशिक्षार्थी***

# कामचलाउ पनि सय दिन

काठमाडौं / नयाँ सरकारले सय दिन विना झण्झट 'हनिमुन पिरियड' मनाए झै माधवकुमार नेपालको नेतृत्वको कामचलाउ सरकारले पनि सय दिन मनाउने भएको छ। कुनै नयाँ सिनेमा सय दिनसम्म चल्यो भने उत्सव मनाए झै नयाँ नेपालको कामचलाउ सरकार पनि सय दिन चलयो भने उत्सव माए हुने भएको छ। त्यसो त आठौं चरणको निर्वाचन असोज १० गतेलाई तोकिएको छ। असार १६ गते राजीनामा दिएको माधव सरकारले असोज १० सम्ममा ८५ दिन काटिसकेको हुनेछ। अर्को दुई चरण संविधानसभाले प्रधानमन्त्री छान्न सकेन भने दशौं चरणमा पुग्दा कामचलाउ सरकारले सय दिनको जुब्ली मनाउन पाउनेछ।

माओवादी शान्ति प्रक्रियामा आएपछि झण्डै ३ वर्षसम्म माओवादी अध्यक्ष प्रचण्डले चमत्कार र क्रम भङ्ग शब्द प्रयोग गरेको छन्। संविधानसभा संसद्मा प्रधानमन्त्रीको उम्मेदवारी दिएर जुन चमत्कार र क्रम भङ्गको नौटंकी सातपटक देखाएर आठौं पटकतिर लागेका छन्, यो आम जनताका लागि व्यापक रोचक प्रसङ्ग बन्न पुगेको छ। जनता थाकेर थुइक्क भन्न थालेका छन्। तर, कांग्रेसका पौडेल र माओवादीका प्रचण्ड थाकेनन्, कस्तो विचित्र ? – ***शर्मिला अधिकारी प्रशिक्षार्थी***

# मधेशी मोर्चा छिन्न भिन्न हुँदै

काठमाडौं / माओवादील् आफ्नो पक्षमा मतदान गराउन गरेको घुसपैठका कारण मधेशी मोर्चा छिन्न भिन्न हुन थालेको छ। मधेशी मोर्चामा जम्मा ८२ मत छन्। यो मोर्चाबाट पहिले उपेन्द्र यादवको गुट अलगिएर सातौं चरणको प्रम निर्वाचनमा जित्ने अवस्थामा माओवादीलाई मतदान गर्ने निणर्य गर्न पुग्यो। त्यसपछि विजय गच्छदारको नेतृत्वको लोकतान्त्रिक फोरमका २८ मध्ये १९ जना फ्लोर क्रस गरेर माओवादीलाई मतदान गर्न तैयार भएपछि २२ गतेको निर्वाचनमा सबै सभासदलाई संसदीय दलको बैठकमै थुनेर राखियो। तमलोपा र सद्भावना पार्टी भित्र पनि विवाद चर्केको छ।

अबको मतदान असोज १० गते हुनेछ। त्यसदिनसम्ममा मधेशी मोर्चा छिन्न भिन्न भएर दलहरूसमेत टुट्न फुट्न सक्नेछन्। अन्य दलहरूलाई तोडेर भए पनि आफ्नै नेतृत्वमा सरकार गठन गर्न माओवादी कसिएर लागेको छ। प्रधानमन्त्रीको निर्वाचनमा देखिएको आर्थिक लेनदेन र खरिद विक्रीको कारण मधेवादी दलहरू टुक्रा टुक्रा हुने स्थितिमा पुगेका छन्। – ***मुना गुवाजु प्रशिक्षार्थी***


जनताको पीरमर्का सुन्न र रचनात्मक सुझावहरू ग्रहण गर्न नेपाल सरकार सधैं तत्पर र जागरुक छ। साथै समस्या निराकरण गर्न सुझावको अपेक्षा पनि गर्दछ।

नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

सूचना विभाग


सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन नम्बर : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९ मुद्रण : इमेज अफसेट प्रेस, ललितपुर